STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार २६ गते शनिबार ❑ 10 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कांग्रेसको संस्थापन इतर पक्षमा सभापतिको साझा उम्मेदवार बनाउने प्रयत्न

**रासस**
**काठमाडौं, २५ असार**

नेपाली कांग्रेसको १४औँ महाधिवेशन मिति नजिकिएसँगै नेताहरूबीच भावी नेतृत्वका लागि कसरत तीव्र भएको छ । सोही क्रममा शुक्रबार कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षका नेताहरूले सभापतिको साझा उम्मेदवार बनाउने सम्बन्धमा छलफल गरेका छन् ।

बैठकमा राष्ट्रिय राजनीति र कांग्रेसको भूमिकालगायत विषयमा छलफल भएको बैठकमा सहभागी नेता अर्जुननरसिंह केसीले जानकारी दिए । सकेसम्म समग्र पार्टीमा एकताको प्रयास गर्ने नभए कम्तीमा पनि आफूहरूबीच एकताका साथ अघि बढ्नुपर्ने प्रस्तावमा छलफल भएको र उक्त छलफललाई निरन्तरता दिने सहमति भएको उनले बताए । पार्टीभित्र रूपान्तरणको खाँचो भएको भन्दै पार्टीलाई नेतामुखी नभई नीतिमुखी बनाएर अघि बढाउनुपर्ने आवश्यकता भएकाले सबैको साझा उम्मेदवार बनाउने प्रयत्नको प्रयास थालिएको बताए । 'पार्टी भित्र संस्थापन र संस्थापनइतर भनेर चिनिएका साथीहरूबीचमा आग्रह, पूर्वाग्रहबाट मुक्त भएर हामी जो लड्छौँ एकजना लड्छौ' र एकजनाको स्थिति निर्माण गर्नुपर्छ भन्ने विषयमा छलफल केन्द्रित हो र त्यसका निम्ति के-कस्ता मोडालिटी र आधारहरू बनाउनुपर्छ र ती आधार हरूको निर्माण गर्दै समग्र रूपबाट एउटा उम्मेदवार बनाउने प्रयत्नको प्रारम्भिक प्रयास हो, उनले भने । नेता केसीले क्रियाशील सदस्यतामा देखिएको आन्तरिक विवाद, राष्ट्रिय परिस्थिति र समसामयिक राजनीतिको विषयमा सर्वोच्च अदालतबाट आउने फैसलापछिको परिदृश्यको सम्बन्धमा पनि छलफल भएको जानकारी दिए । बैठकपछि नेतृ सुजाता कोइरालाले संस्थापनइतर समूहमा सभापतिको उम्मेदवारको विषयमा कुनै विवाद नभएको बताए । आफूहरू एक भएर अघि बढ्ने उनले प्रतिक्रिया जनाइन् ।

उनले भने, 'हाम्रो बिचमा कुनै विवाद छैन । विवाद हुँदैन र एकजनाले उम्मेदवार दिन्छ त्यसबारेमा हामीले छलफल गरिरहेका छौँ । निर्णय भईसकेको छैन तर अब छिटो हुन्छ । हामी सबै एक छौँ । हामी एक भई जान्छौँ । एकजनाको उम्मेदवारी दिन्छौँ,' उनले भनिन् । बैठकमा वरिष्ठ नेता पौडेल, महामन्त्री डा शशांक कोइराला, पूर्वमहामन्त्रीद्वय प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौला, नेताहरू केसी, डा रामशरण महत, सुजाता कोइराला, डा शेखर कोइराला, बलबहादुर केसी सहभागी रहेका थिए । उनीहरूमध्ये नेताहरू केसीद्वय र डा महत बाहेक सबैले सभापतिमा उम्मेदवारी घोषणा गरिसक्नुभएको छ भने सहमति हुन नसके अन्य नेताहरूले पनि सभापतिमा उम्मेदवारी दिने बताउँदै आएका छन् ।

कांग्रेसले पार्टीको १४औँ महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौँमा गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ । कार्यतालिकाअनुसार गाउँ/नगर वडा अधिवेशन आगामी साउन १२ गते, गाउँ/नगरपालिका अधिवेशन साउन १६ गते, प्रदेश सभा क्षेत्रीय अधिवेशन साउन २० गते हुनेछ ।

यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ गते र प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको छ ।

## कास्कीमा पुन: दश दिन निषेधाज्ञा थप

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ असार**

कास्कीमा साउन ५ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थप गरिएको छ । कोभिड-१९ को संक्रमणदर र मृत्युदरमा केही कमी आएको भए पनि अपेक्षाकृत नियन्त्रणमा आइनसकेको कारण जिल्ला प्रशासन कार्यालय कास्कीले निषेधाज्ञा अवधि १० दिन थप गरेको हो ।

यही असार २५ गते राति १२ बजेबाट लागू हुने गरी थप गरिएको निषेधाज्ञामा जिल्ला भित्र मात्र जोरबिजोरअनुसार सार्वजनिक सवारी साधान सञ्चालन हुनेछन् भने विभिन्न पेशा व्यवसाय तथा पसल बिहान ५ देखि साँझ ८ बजेसम्म खुल्ने भएका छन् । निजी सवारी साधन अहिले जस्तै जोरबिजोरका आधारमा सञ्चालन हुने छन् भने सिट क्षमताभन्दा बढी यात्रु नराखी स्वास्थ्य मापदण्ड पूरा गरेर सार्वजनिक सवारीसाधन सञ्चालन गर्न प्रशासन कार्यालयले जनाएको छ ।

प्रशासनले यस अघि जस्तै सिनेमा हल, पार्टी प्यालेस, होटल तथा रेष्टुरेण्ट, चिया तथा खाजा पसल, नाँचघर, क्लब, डान्सबार, दोहोरी साँझ, फनपार्क, रङ्गशाला, फुटशल, खेलकूद स्थल, जिमखाना, फिटनेश सेन्टर स्पा, स्वीमिङपुल, ब्यूटीपार्लर, शैलुन र पुटपाथ पसल लगायतका सेवा एवं स्थल खोल्न तथा सञ्चालन गर्न रोक लगाइएको छ ।

प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमका अनुसार माथि उल्लेखित बाहेकका व्यवसाय, अत्यावश्यक दैनिक उपभोग्य खाद्यन्न सामग्रीका पसल, तरकारी, पानी फलफुललगायत पसल बिहान ५ देखि साँझ ८ बजेसम्म सञ्चालन गर्न पाइने छ । जिल्ला प्रशासन कार्यालयले यसअघि कास्कीमा वैशाख १५ गतेदेखि निषेधाज्ञाको आदेश जारी भएको थियो ।

## एमाले कार्यदल सहमतिउन्मुख

**रासस**
**काठमाडौं, २५ असार**

नेकपा (एमाले) मा विवाद समाधानका लागि गठित कार्यदलले विवादित विषयमा सहमतिको अन्तिम मस्यौदा तयार गरेको छ ।

कार्यदलले तयार गरेको सहमतिको खाकालाई भाषिक परिमार्जन गरेर शनिबार सार्वजनिक गरिने एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिए । कार्यदलका सदस्य ज्ञवालीले शुक्रबारको छलफल निकै सौहार्द र सघनरूपमा भएको बताउँदै उक्त खाकाका विषयवस्तुबारे पनि थप खुलाएनन् ।

एमाले अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीच गत जेठ २ गतेको सहमतिका आधारमा गठित १० सदस्यीय कार्यदलले कार्य गरिरहेका बेला जेठ ८ गते दोस्रो पटक प्रतिनिधिसभाको विघटनएपछि एमालेमा विवाद बल्झिएको थियो ।

प्रधानमन्त्री ओलीले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने प्रस्तावमा हस्ताक्षर गर्ने एमालेका २३ निवर्तमान सांसदले हस्ताक्षर फिर्ता लिन आग्रह गरेका छन् भने नेता नेपालले पार्टीलाई २०७५ जेठ २ गतेको स्थितिमा सञ्चालन गर्नुपर्ने माग गर्दै आएका छन् ।

## संविधानले सुम्पिएको जिम्मेवारी पूरा गर्दा मुद्दा लाग्दैन

**रासस**
**काठमाडौं, २५ असार**

राष्ट्रपति कार्यालयले नेपालको संविधानले दिएको जिम्मेवारी पूरा गर्ने क्रममा राष्ट्रपतिले गरेका काममा मुद्दा नलाग्ने जवाफ सर्वोच्च अदालतमा पठाएको छ ।

राष्ट्रपति कार्यालयका निमित्त सचिव रूपनारायण भट्टराईले मन्त्रिपरिषद् विस्तार विरुद्धका परेको मुद्दामा महान्यायाधिवक्ता कार्यालयमार्फत शुक्रबार सर्वोच्च अदालतमा पेश गरेको लिखित जवाफमा राष्ट्रपतिले संवैधानिक जिम्मेवारी पूरा गर्दा मुद्दा नलाग्ने कानूनी व्यवस्था रहेको जनाएको हो । "संविधानको धारा ६१ को उपधारा (२) मा संविधान र सङ्घीय कानून बमोजिम कार्य सम्पादन गर्ने जिम्मेवारी राष्ट्रपतिलाई सुम्पिएको विषय उल्लेख गरिएको छ", लिखित जवाफमा भनिएको छ, "राष्ट्रपतिलाई संविधानले सुम्पिएको जिम्मेवारी पूरा गर्ने सिलसिलामा आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारवाहीको विषयमा निज पदमा रहँदा वा सेवा निवृत भएपछि निज उपर मुद्दा नचलाइने भनी राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७४ को दफा १६ मा व्यवस्था गरी पदीय उन्मुक्ति प्रदान गरेको छ ।" नेपालको संविधानको धारा ६६ को उपधारा (२) मा राष्ट्रपतिले आफ्नो अधिकार र कर्तव्यको पालना गर्दा संविधान वा सङ्घीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी साथ व्यवस्था भएको कार्यबाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुनेछ भन्ने व्यवस्था भएको लिखित जवाफमा छ । संवैधानिक आधार र कारणबाट राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाइ दायर गरेको रिट निवेदन बदरभागी गर्न माग गर्दै लिखित जवाफमा भनिएको छ, "उल्लेखित कार्य सम्पादनलाई राष्ट्रपतिको कार्यालयले विज्ञप्तिमार्फत जानकारीसम्म गराएको हुँदा यस कार्यालयलाई विपक्षी बनाइ दायर भएको रिट निवेदन बदरयोग्य छ ।" लिखित जवाफमा गत जेठ २१ प्रधानमन्त्रीबाट मन्त्रिपरिषद्मा नियुक्ति, हेरफेर र कार्यविभाजन गर्न सिफारिस भएकाले सोही अनुसार राष्ट्रपतिबाट मन्त्रिपरिषद् मा नियुक्ति, हेरफेर र कार्यविभाजन गरिएको राष्ट्रपति कार्यालयको उल्लेख छ ।

## मोबाइल एप संचालनमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ असार**

गण्डकी प्रदेशमा सञ्चालित घरवास सेवालाई प्रभावकारी बनाउने उद्देश्यका साथ नेपाल पर्यटन बोर्डको सहयोग एवं गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकी प्रदेशको संयोजनमा होमस्टे मोवाइल एप सेवा सञ्चालनमा ल्याइएको छ ।

भिटोफ गण्डकी प्रदेशको आयोजनामा जुम प्रविधिमार्फत आज आयोजित एक कार्यक्रमकाबीच सो सेवा सञ्चालन शुभारम्भ गरिएको हो ।

सो सेवाको शुभारम्भ गर्दै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख काशीराज भण्डारीले गाउँ पर्यटनको प्रवर्द्धन र विकासका लागि प्रविधिको प्रयोग प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

भिटोफ गण्डकी प्रदेशका अध्यक्ष नवराज अधिकारीले गण्डकीप्रदेश भित्रका घरवासलाई अनलाइन प्रविधिमार्फत बुकिङ गर्न मिल्ने, पैसा तिर्न मिल्ने सुविधा एवं सबै घरवासबारे बुझ्न मिल्ने गरी बहुआयमिक नामक होमस्टे मोबाइल एप सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## घर मर्मत गर्न प्रदेश सरकारले आवश्यक सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ असार**

पोखरा महानगरपालिका २२ (पुम्दी भुम्दी) को विश्व शान्ति स्तुपाः क्षेत्र नजिक बुधबार पहिरोले भत्केको तथा पुरिएको घरको गण्डकी प्रदेश सरकारले मर्मत संहार गर्न आवश्यक पहल गर्ने भएको छ ।

गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री, एवं विपद् व्यवस्थापन समितिका संयोजक समेत रहेकी मधुमाया अधिकारी (गुरुङ), प्रदेश सांसद रामजी प्रसाद बराल (जीवन) सहितको टोलीले बिहीबार साँझ उक्त घरको अवलोकन गर्दै घर संरक्षण तथा मर्मत गर्न आवश्यक सहयोग गर्ने बताएका हुन् ।

मन्त्री अधिकारीले विक परिवारको लागि आवश्यक पर्ने खाद्य देखि लत्ताकपडा सहितका तत्काल आवश्यक पर्ने सामानहरुको व्यबस्थापन गर्न स्थानिय जनप्रतिनिधिहरुलाई निर्देशन दिदै थप सहयोग आवश्यक परेमा प्रदेश सरकारले सहयोग गर्ने बताइन्। घर संरक्षणको लागि



जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय कास्कीबाट आवश्यक तार जाली उपलब्ध गराउने बताउदै मन्त्री अधिकारीले बर्षादको भलपानीलाई व्यबस्थापन गर्नुपर्नेमा जोड दिइन् । विक परिवार रातिको १ बजे करिब २ मिनेटको अन्तरालमा घर छाडे लगत्तै बाढीले घर भत्काउदै पुरेको थियो । उनको घरमा ११ जना बसोबास गर्दै आएका थिए । उनीहरुलाई हाल अस्थायी रुपमा घर नजिकको टिनको टहरोमा हाल अस्थायी रुपमा व्यबस्थापन गरिएको पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बरालले बताए ।

यसैबिच मन्त्री अधिकारी सहितको टोलीले विश्व शान्ति स्तुपा क्षेत्रमा समेत यसपालीको ठुलो बर्षादले गर्दा ठाँउ ठाँउमा भासिन पुगेको तथा केही भाग चर्कीएको भागको अवलोकन समेत गरेको छ । विश्व शान्ति स्तुप समितिका अध्यक्ष उत्तममान बुद्धचार्यले यसपालीको बर्षादले विश्वशान्ति स्तुपा क्षेत्रका तीन ठाँउमा जमिनको भाग केही दवेको कुनै ठाउँमा पहिरो गएको त केही ठाँउमा चर्किएकोले समयमै शान्ति स्तुपा संरक्षणको लागि प्रदेश सरकारलाई अवलोकन गर्न आव्हान गरेको उनले जनाए । केही बर्ष अघि शान्ति स्तुपा क्षेत्रमा ठुलो पहिरो जादा स्थानिय र सरकारी निकायको सहयोगले केही बर्ष पहिरो रोकथाम भएको भए पनि हाल अन्य ठाँउमा जमिन भाषिन पुगेको उनले जनाए । बर्षादको पानीलाईं व्यबस्थापिन गर्न नसक्दा कमजोर भागमा पानी बग्दा पहिरोको जोखिम भएको सिंचाई डिभिजन कार्यालय कास्कीका प्रमुख कीरण आचार्यले बताए ।

यसैबिच, मन्त्री अधिकारी सहितको टोलीले शान्ति स्तुपा देखि बिशाल महादेवको मुर्ति तर्फ जाने बाटोको समेत अवलोकन गरेको छ । केही समय अघि ग्याविन जाली हालेर बनाइएको पर्खाल सहितको भाग पहिरोले भत्काएको तथा शान्ति स्तुता देखि बिशाल महादेवको मुर्ति तर्फ जाने बाटो हाल अबरुद्ध भएको स्थानिय झलकप्रसाद बरालले बताए । शान्ति स्तुपा जानेबाटो कालिमाटी भन्दा माथिल्लो भेगमा समेत पहिरो गएकोले उक्त पहिरो व्यबस्थापन गर्न नसके केही घरहरु समेत पहिरोको जोखिममा हुने स्थानिय राजु क्षेत्रीले बताए । टोलीमा गण्डकी प्रदेशका मुख्यमन्त्रीका प्रेस संयोजक भरतराज पौडेलको समेत सहभागिता रहेको थियो ।



# खोप नपाएसम्म व्यवसाय सञ्चालन गर्न सक्दैनौँ : पर्यटन व्यवसायी

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ असार**

पोखराका पर्यटन व्यवसायीले सरकारले पर्यटन क्षेत्रका मजदुर, कर्मचारी एवं व्यवसायीलाई खोप उपलब्ध नगराएसम्म व्यवसाय सञ्चालन गर्न नसक्ने बताएका छन् ।



पोखरा पर्यटन परिषद्‌ले बिहीबार पत्रकार सम्मलेन गरी कोरोना कहर पर्यटन व्यवसायीका लागि जहर सावित भएको जनाउँदै खोपको सुनिश्चिता नभएसम्म व्यवसाय सञ्चालन गर्न नसक्ने बताएको हो । परिषद्‌का अध्यक्ष गोपी भट्टराईले पर्यटन क्षेत्रमा आबद्ध मजदुर, कर्मचारी र व्यवसायीलाई 'फ्रन्टलाइनर'का रूपमा लिएर यथाशीघ्र खोप उपलब्ध गराउनुपर्ने बताउनुभयो । "अहिले पूर्णरूपमा व्यवसाय सञ्चालन हुनसकेको छैन, यदि सरकारले व्यवसाय सञ्चालको अनुमति दिए पनि हामी खोप नपाएसम्म व्यवसाय सञ्चालन गर्न सक्दैनौँ", भट्टराईले भन्नुभयो । उहाँले कतिपय अन्तर्राष्ट्रिय बुकिङ पनि पर्यटन क्षेत्रका मजदुर कर्मचारीले खोप लगाएका छन् कि छैनन् भनेर 'इन्क्वायरी' आउने गरेको जनाउँदै खोप नभएसम्म पर्यटन क्षेत्र सुरक्षित र चलायमान हुन नसक्ने बताउनुभयो । अध्यक्ष भट्टराईले गत वर्षको मौद्रिक नीति र यस वर्षको सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटले सम्बोधन गरिएका आर्थिक नीति तथा कार्यक्रम अविलम्ब सबै तहका सरकारले कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । पर्यटन क्षेत्रमा लगानीको किस्ता र ब्याज पर्यटन सहजरूपमा सञ्चालन नहुँदासम्म तिर्न नसकिने जनाउँदै सो अवधिको ब्याज सरकारले तिर्नुपर्ने माग पनि परिषद्‌को छ । कोभिड-१९ को प्रभावसँगै व्यवसायको जिम्मेवारीमा पर्ने व्यवसाय नवीकरण, अद्यावधिक शुल्क, घरभाडा कर, यातायात कर साथै सम्पूर्ण पर्यटन व्यवसायका शीर्षकका शुल्क र दस्तुर पूर्णरूपमा मिनाहा हुनुपर्ने र पर्यटनमा आश्रित मजदुरको सुरक्षाका लागि विशेष राहत र रोजगार सिर्जनाका प्याकेजका कार्यक्रम ल्याउनुपर्नेमा पनि परिषद्‌ले जोड दिएको छ ।

कार्यक्रमम परिषद्‌का पूर्वअध्यक्ष गणेशबहादुर भट्टराईले पर्यटकले सुरक्षित स्थानलाई मात्रै रोज्ने हुँदा त्यसका लागि खोपलाई पहिलो प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । नेपाल पर्यटन बोर्डका पूर्वसदस्य वासु त्रिपाठीले राजधानीका पर्यटन व्यवसायीलाई सरकारले १० हजार खोपको व्यवस्था गरे पनि पर्यटकीय नगरी पोखराका व्यवसायीप्रति सरकारले ध्यान नदिएको गुनासो गर्नुभयो । आन्तरिक पर्यटन पुनरुत्थान गण्डकीका संयोजक अग्नि कँडेलले पर्यटन व्यवसायीको हकमा स्पष्ट नीति निर्धारण गरी यस क्षेत्रलाई चलायमान गराउन भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो ।

परिषद्‌का उपाध्यक्ष पोमनारायण श्रेष्ठले परिषद्‌ले लामो समयदेखि 'नो भ्याक्सिन, नो टुरिजम'को नारासहित सामाजिक सञ्जाललगायत विभिन्न सञ्चारमाध्यमबाट सरकारलाई दबाब दिइरहेको तर त्यसको सुनुवाइ नभएको बताउनुभयो । उहाँले माग पूरा नभए सरकारलाई पर्यटन व्यवसायीले तालाचाबी बुझाउन बाध्य हुने चेतावनीसमेत दिनुभयो । श्रेष्ठले गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा हालसम्म रु पाँच खर्ब १५ करोडको लगानी रहेको बताउनुभयो । उहाँका अनुसार ७५ हजारभन्दा बढी मजदुरले रोजगारी पाएका छन् भने हाल कोरोना कहरले ३० प्रतिशतभन्दा बढी पर्यटन व्यवसायी पलायन भइसकेका छन् ।



खोप लगाइँदै : कोरोना भाइरस विरुद्धको खोप लगाउने क्रममा कास्कीका पत्रकार ।
तस्वीरः राधिका कँडेल, रासस

## मोबाइल...

पहिलो चरणमा यो भिटोफ गण्डकी प्रदेशबाट सञ्चालन हुने र सम्बन्धित होमस्टेहरू सक्षम भएपछि उनीहरूले नै सञ्चालन गर्न सक्ने उहाँले बताए ।

उनका अनुसार हाल ५० वटा होमस्टे बुकिङ गर्न मिल्ने छ भने अन्य २५४ होमस्टेका विवरण त्यहीबाट जानकारी लिन सकिने छ ।

पोखरा पर्यटन परिषद्‌का अध्यक्ष गोपीबहादुर भट्टराईले नविनतम प्रविधिको प्रयोगमार्फत पर्यटन सेवालाई सहज र सरल बनाउँदै लैजान यो बहुउपयोगी बन्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा भिटोफ नेपालका केन्द्रीय अध्यक्ष ध्रुव सिम्खडा, आन्तरिक पर्यटन पुनरुत्थान समिती गण्डकी प्रदेश संयोजक अग्नि कँडेल, पोखरा महानगरपालिका होमस्टे व्यवस्थापन समिति संयोजक खगराज आचार्य, भिटोफ गण्डकीका सल्लाहकार टीकाराम सापकोटा, डा रामजी शर्मा लगायतले प्रविधिको सञ्चालनसँगै घरवास पर्यटनको प्रभावकारिता बढ्ने विश्वास व्यक्त गरे ।

# स्वास्थ्य केन्द्रका लागि स्थानीयले दिए निःशुल्क जग्गा

**पोखरापत्र संवाददाता**
**वालिङ, २५ असार**

यहाँका स्थानीयवासीले स्वास्थ्य केन्द्रको भवन निर्माणका लागि निःशुल्क जग्गा प्रदान गरेका छन् ।

स्याङ्जाको पुतलीबजार नगरपालिका-४ नागडाँडाका सेतीदेवी पोखेल र चूडामणि पोखेलले आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माणका लागि बिहीबार पुतलीबजार नगरपालिकालाई जग्गाधनी प्रमाणपूर्जा हस्तान्तरण गर्नुभएको हो । सेतीदेवीको नाममा रहेको दुई आना तीन दाम र चूडामणिको नाममा १० आना तीन दाम क्षेत्रफल भएको जग्गाधनी प्रमाणपूर्जा पुतलीबजार नगर प्रमुख सीमाकुमारी क्षेत्रीलाई हस्तान्तरण गर्नुभएको हो । दुवै जनाले मालपोत कार्यालय स्याङ्जाबाट आधारभूत स्वास्थ्य केन्द्रका नाममा जग्गा पास गरिदिएर सहयोग गरेकामा पोखेल परिवारप्रति नगरप्रमुख क्षेत्रीले धन्यवाद व्यक्त गर्नुभयो । "दाताहरूले आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण गर्ने उद्देश्यका साथ नगरपालिकालाई निःशुल्क जग्गा उपलब्ध गराउनुभएकामा आभार व्यक्त गर्दछु", नगरप्रमुख क्षेत्रीले भन्नुभयो, "प्राप्त जग्गामा भवन निर्माण गरी स्थानीयवासीका लागि आधारभूत स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गरिने छ ।" सबैलाई पायक पर्ने स्थानमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गर्न सकेमा सानो उपचारका लागि टाढा जानुपर्ने बाध्यता हट्ने विश्वास वडाध्यक्ष ओमबहादुर खड्काको छ । दाताहरूबाट प्राप्त जग्गामा छिटोभन्दा छिटो भवन निर्माण गर्ने र आवश्यक स्वास्थ्यकर्मी तथा औषधिको व्यवस्थापन गरी सञ्चालन गरिने उहाँको भनाइ थियो ।

स्वास्थ्यजस्तो संवेदनशील संस्था गाउँ ठाउँकै नजिकै भए कोही कसैले पनि अकालमै ज्यान गुमाउनुपर्ने अवस्था नआओस् भन्ने पवित्र उद्देश्यका साथ जग्गा उपलब्ध गराइएको जग्गादाताद्वयले बताउनुभयो ।

# ५३ जिल्लाको सदस्यता विवाद टुङ्गियो

**रासस**
**काठमाडौं, २५ असार**

नेपाली काँग्रेसको ५३ जिल्लाको क्रियाशिल सदस्यता विवाद टुङ्गो लागेको छ ।

काँग्रेसको आगामी भदौ १६ देखि १९ सम्म हुने १४ औँ केन्द्रीय महाधिवेशनका लागि प्रारम्भिक मतदाताका रूपमा रहेको क्रियाशिल सदस्यता ती जिल्लाको ९० निर्वाचन क्षेत्रको टुङ्गो लागेको हो । ७७ जिल्लाको १६५ निर्वाचन क्षेत्रबाट आठ लाख ५० हजार क्रियाशिल सदस्यताको नामावली दर्ता भइसकेको पार्टीले जनाएको छ ।

पार्टीद्वारा गठित क्रियाशिल सदस्यता छानविन समितिले विवाद टुङ्गो लगाउने तीव्र गतिमा काम गरिरहेको छ । समितिका प्रवक्ता एवम् पार्टीका केन्द्रीय सदस्य प्रदीप पौडेलले क्रियाशिल सदस्यता विवाद रहेका देशभरका ५०० वडामध्ये ३०० वडाको विवाद टुङ्गो लागेको जानकारी दिए । पार्टीको क्रियाशिल सदस्यता छानविन समितिले द्रुत गतिमा काम गरिरहेकाले यही असार मसान्तभित्र सबै क्रियाशिल सदस्यता विवाद टुङ्गो लगाइने समितिका प्रवक्ता पौडेलले बताए । काँग्रेसले पार्टीका केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा पौडेल, आनन्द ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, कल्याणकुमार गुरुङ र योगेन्द्र चौधरी सदस्य रहेको छानविन समिति गठन गरेको थियो । काँग्रेसको १४ औँ महाधिवेशनका लागि अगामी साउन १२ मा वडा समितिको अधिवेशन, साउन १६ मा गाउँ नगर समितिको अधिवेशन, साउन २० मा प्रदेश निर्वाचन क्षेत्रको अधिवेशन, साउन २३ मा प्रतिनिधीसभा क्षेत्रीय अधिवेशन, साउन २६ मा एकभन्दा बढी निर्वाचन क्षेत्र हुने जिल्लाको अधिवेशनको मिति तय गरिएको छ । यसैगरी आगामी भदौ १ र २ गते प्रदेश समितिको अधिवेशन र भदौ १६ देखि १९ सम्म राष्ट्रिय महाधिवेशन गर्ने कार्यतालिका यसअघि नै सार्वजनिक गरिसकेको छ ।

# दुई हजार २३९ संक्रमित थपिए, २० को निधन

**रासस**
**काठमाडौं, २५ असार**

पछिल्लो २४ घण्टामा देशभर थप दुई हजार २३९ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशभरका प्रयोगशालामा गरिएको ११ हजार ३१३ जनाको पिसिआर र एन्टिजेन परीक्षणमा उक्त सङ्ख्यामा कोरोना पुष्टि भएको हो । स्वास्थ्य मन्त्रालयका अनुसार छ हजार ६५७ जनामा पिसिआर परीक्षण गर्दा एक हजार ४७९ र चार हजार ६५६ जनामा एन्टिजेन परीक्षण गर्दा ७६० जनामा सङ्क्रमण पुष्टि भएको हो ।

त्यस्तै पछिल्लो २४ घण्टामा देशभर एक हजार ३१६ जना सङ्क्रमित निको भएका छन् । यससँगै नेपालमा कोरोनामुक्त हुनेको सङ्ख्या छ लाख १६ हजार ९२९ जना पुगेको छ । नेपालमा निको हुने प्रतिशत ९४ दशमलव ५ प्रतिशत रहेको छ ।


पछिल्लो २४ घण्टामा २० जनाको कोरोना भाइरस सङ्क्रमणबाट निधन भएको छ । नेपालमा हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या नौ हजार ३४० पुगेको छ ।





# कपालको उपचार
## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
### के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# लामो समयदेखिको टाउको दुखाइ : कारण र उपचार

**डा हरि रिजाल**

साधारणतया कसैको निधार, टाउकोको पछाडि, आँखाको गेडी पछाडि वा टाउकोको छालामा मात्रै दुखाइ वा असहज महसुस हुनु भनेकै टाउको दुखाइ हो । टाउको दुख्ने समस्या विश्वव्यापी रुपमा अधिकांश मानिसमा हुने गर्दछ । चिकित्सा क्षेत्रमा सबैभन्दा धेरै गुनासो गरिने समस्यामध्ये यो पनि एक हो । करिब ९७ प्रतिशत मानिसमा आफ्नो जीवनकालमा कम्तीमा एक पटक टाउको दुख्ने समस्या देखिन्छ । यो समस्या महिलाहरूमा बढी हुने गर्दछ। टाउको दुखाइमध्ये तनक्क तन्के जसरी दुख्ने (टेन्सन हेडेक) टाउको दुखाइ लगभग ४०.५ प्रतिशत र माइग्रेन १०.५ प्रतिशत व्यक्तिमा पाइन्छ । माइग्रेन सामान्यतया २५ देखि ५५ वर्ष उमेरका व्यक्तिमा बढी हुन्छ । पुरुषको तुलनामा महिलाहरूमा यो समस्या लगभग ३ गुणा बढी हुन्छ।

अधिकांशमा सबैभन्दा धेरै टाउको दुखाइका कारण माइग्रेन, ओसिपिटल न्युरल्जिया, टेन्सन, क्लस्टर र सरभाइकोजेनिक टाउको दुखाइ नै हुन्।

**माइग्रेन**

माइग्रेन, दुखाइ मध्येको बढी व्यक्तिमा देखिने टाउको दुखाइको एउटा रूप हो । बारम्बार घोच्ने वा भकभकी हान्ने, सहन सक्नेदेखि गम्भीर अर्धटाउको दुखाइको रूपमा वर्णन गरिन्छ । माइग्रेन भएकामा दुखाइबीच पूर्ण राहत हुन्छ । माइग्रेन भएका बिरामी अँध्यारो र शान्त कोठामा बस्न रुचाउँछन् र शारीरिक गतिविधि वा दैनिक कार्यहरुको बेवास्ता गर्दछन् ।



करिब एक तिहाइ बिरामीले टाउको दुख्नु अगावै आफैले महसुस गर्ने खालका लक्षण (औरा) महसुस गर्ने गर्छन् । बिरामीले फरक खालका औरा महसुस गर्ने गर्दछन्, त्यस मध्ये मुख्यतः आँखामा प्रकाशको चमक, काला धब्बा र अन्य दृष्टि परिवर्तनहरू र हातमा झन्-झन समावेश छन् ।

**ओसिपिटल न्युराल्जिया**

ओसिपिटल न्युराल्जियामा हुने टाउकोको दुखाइ निकै कडा खालको हुन्छ । छुरा प्रहार वा विद्युतीय झट्का खालको महसुस हुने टाउको दुखाइ हो । यस प्रकारको टाउको दुखाइ सामान्यतया टाउकोको पछाडि भागमा बढी दुख्ने गर्दछ। यो केही सेकेन्डदेखि केही मिनेटसम्म रहन्छ। यो दुखाइ मुख्यतः टाउकोको ओसिपिटल क्षेत्रबाट उत्पन्न भएर माथिल्लो घाँटी, टाउकोको पछाडि र आँखाको पछाडि फैलिन्छ। आँखाको पीडा, कान बज्ने, चक्कर आउनेसमेत हुन सक्छ।

**क्लस्टर खालको टाउको दुखाइ**

क्लस्टर एक खालको क्षणिक गम्भीर एकपक्षीय टाउको दुखाइ हो। यो पुरुषहरुमा बढी देखिन्छ। दुखाइ असाध्यै पीडादायी हुन्छ । अक्सर, यस प्रकारको टाउको दुखाइलाई आत्मघाती टाउको दुखाइको रूपमा वर्णन गरिएको छ। क्लस्टर टाउकोको दुखाइ मानवजातिले भोग्ने सबैभन्दा नराम्रो दुखाइ मध्येको एक हो।

**टेन्सन हेडेक**

यसलाई टाउकोको मांसपेशीबाट उत्पन्न भएको दुखाइको रूपमा लिइन्छ । यो तनावसँग मात्र नभएर टाउको वा घाँटीमा स्नायुसम्बन्धी समस्यासँग सम्बन्धित हुन सक्छ । प्रायः टाउकोको फ्रन्टल, टेम्पोरल र ओसिपिटल क्षेत्र सामेल हुन्छन् । टाउको वरिपरि कडा ब्यान्ड को महसुस हुन्छ ।

**सर्भाइकोजेनिक टाउको दुखाइ**

घाँटीको स्रोतबाट टाउकोमा भएको दुखाइलाई सर्भाकोजेनिक दुखाइ मानिन्छ । यसमा प्रायः घाटीको नशा च्यापिएको कारण टाउको दुख्ने हुन्छ।

कसरी कम गर्ने टाउको दुखाइ ? यस्ता छन् उपचारका विकल्प

**केटामिन इन्फ्युजन**

आजकाल टाउको दुखाइ वा अन्य दुखाइमा केटामिनको प्रयोग गरिएको विभिन्न प्रकाशित अध्ययनले देखाएको छ । माइग्रेन दुखाइका लागि अन्तर्देशीय केटामिन प्रभावकारी हुन्छ । रेफ्रेक्टरी क्रोनिक माइग्रेन भएका सबै बिरामीमा पीडा कम भएको महसुस हुन्छ । नियमित रूपमा माइग्रेन अनुभव गर्ने बिरामी जो पेन्किलर र अन्य औषधीसँग प्रभावहीन छन्, तिनीहरूले केटामाइन उपचारबाट फाइदा लिन सक्छन् ।

**बोटुलिनम टोकसिन**

बोटुलिनम टोकसिन माइग्रेनको गम्भीरता र फ्रिक्वेन्सी कम गर्न प्रभावकारी मानिन्छ ।

**ओसिपिटल नर्भब्लक**

ओसिपिटल नर्भब्लक सर्भाकोजेनिक टाउकोको दुखाइ, माइग्रेन र क्लस्टर टाउको दुखाइका साथै ओसिपिटल न्यूरल्जियासहित विभिन्न प्रकारको टाउको दुखाइको उपचारमा प्रभावकारी छ।

**स्फेनोपालाटिन गनग्लिओन ब्लक**

स्फेनोपालाटिन गनग्लिओन ब्लक माइग्रेन टाउको, क्लस्टर टाउको र धेरै अनुहारको दुखाइ को लागि एक आकर्षक र प्रभावकारी उपचार ढाँचा हो ।

**रेडिओफ्रिक्वेन्सी**

टाउकोको पीडादायी नसाहरूको रेडिओफ्रिक्वेन्सी एब्लेसन एक विकल्प हुन सक्छ ।

-(पेन स्पेसियलिष्ट डा रिजाल काठमाडौं पेन म्यानेजमेन्ट सेन्टरमा कार्यरत छन्।)

साभारः स्वास्थ्य खबर

# वैकल्पिक सडकबारे छैन योजना

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ असार**

जिल्लाका विभिन्न ग्रामीण सडकहरुमा हालैको अविरल वर्षापछि गएको पहिरोले यातायात सञ्चालनमा कठिनाइ भएको छ । सहश्रधारा, अर्मादीसहित १३ किमी सडक खण्डमा दर्जनौं ठाउँमा पहिरो खसेपछि मङ्गलबारदेखि पर्वतको कुश्मा र बागलुङमा आवतजावत बन्द भएको छ।

एकअर्का जिल्लाका कार्यालयहरुमा काम गर्ने कर्मचारीले यातायात असुविधाका कारण हाजिर हुन नपाएको गुनासो गरेका छन् । असार मसान्तमा कार्यालयमा कामको चाप बढी हुने हुने बेला कर्मचारीहरु आवतजावत गर्न पाएका छैनन् । कुश्मास्थित सरकारी कार्यालयका कर्मचारी कृष्णराज गौतमले भन्नुभयो, "काम धेरै थियो, सडक खुल्ने छाँटकाँट नदेखेपछि फर्कन बाध्य भयौं।" फोन र इन्टरनेटसमेत नभएपछि जानकारी दिन नपाएको उहाँले गुनासो गर्नुभयो । बुधबार रातिदेखि नै इन्टरनेट र टेलिफोन अवरुद्ध भएपछि बागलुङ, पर्वत र म्याग्दीमा सम्पर्क विच्छेद भएको थियो । यो समस्या काठेखोला गाउँपालिका र जैमिनी नगरपालिकामा पनि परेको छ। काठेखोलाका अधिकांश कर्मचारी र जनप्रतिनिधिसमेत सदरमुकामबाट जाने आउने गर्छन्।

मध्यपहाडी लोकमार्गको बोक्सेमा पनि सडक अवरुद्ध भएपछि जनताको काम प्रभावित भएको छ । "आवतजावत गर्दा पहिराको जोखिम बढेपछि गाडी चलाउन सकिएको छैन", गाउँपालिका अध्यक्ष अमर थापाले भन्नुभयो, "गाडी राखेर पैदल यात्रा गरिएको छ ।" पैदल यात्रासमेत जोखिमको भएको उहाँले गुनासो गर्नुभयो । काठेखोलाको गाउँपालिका केन्द्रदेखि रेशर लेखानी जाने सडक सातादेखि अवरुद्ध छ । लोकमार्गको बिहुँ खण्डमा पनि दर्जनौं पहिरो खसेर घण्टौं जाम हुने गरेको छ । अत्यावश्यक काम परेर गलकोट, बुर्तिबाङतर्फ यात्रा गर्नेले पनि सास्ती खेपिरहेका छन् । बागलुङ बजारदेखि कुश्मीसेरा जाने दुईवटै सडक अवरुद्ध छन् । गत वर्ष गलुवाबाट भकुण्डे जाने गरी खनिएको ग्रामीण सडकको पहिराले कालीगण्डकी करिडोर र कुश्मीसेरा सडक भत्केको छ। यो सडक बनेर सामान्य बन्न एक महीना बढी समय लाग्ने बताइएको छ । यी पहिरोका विकल्पबारे अहिलेसम्म तालुक आयोजनाले सोच बनाएका छैनन् । यात्रीले सधैँ सास्ती खेप्ने गरेको पर्वतको सहश्रधारा र बागलुङको बोक्सेको विकल्प चाहिने स्थानीयको चासो छ । "वैकल्पिक बाटो भएन भने वर्षात् मा मात्रै हैन, हिउँदमा पनि जनताले दुःख पाउँछन्", थापाले भन्नुभयो, "पहिरो नचल्ने गरी विकल्पको बाटो नभई भएन ।"

सहश्रधारा र बोक्सेमा पहिरो खोपेर सडक बनाउने पद्दतिको विकल्पमा पुल वा बाढी पहिरो सजिलै तर्कने प्रविधि बनाउनुपर्ने उहाँले सुझाव दिनुभयो । सडक अवरुद्ध हुँदा दैनिक रुपमा सञ्चालन हुने एम्बुलेन्स, दमकल, दूध तथा पानीजन्य पदार्थको ढुवानीमा कठिनाइ भएको छ । अवरुद्ध सडक पुनः सञ्चालन गर्नेतर्फ सरोकारवाला निकायहरुबाट कुनै वैकल्पिक योजना अगाडि सारिएको नहुँदा यो समस्या तत्काल समाधान हुने नदेखिएको स्थानीयवासीको भनाइ छ।

# छाब्दी खोलामा ह्युमपाइप

**पोखरापत्र संवाददाता**
**दमौली, २५ असार**

तनहुँको व्यास नगरपालिका-१ र १३ जोड्ने छाब्दीखोलामा तत्काल आवागमन सहज बनाउन ह्युमपाइप राख्न शुरु गरिएको छ । गत बुधबारको बाढीले पुल बगाएर सर्वसाधारणलाई आवतजावतमा समस्या भएपछि नगरपालिकाले ह्युमपाइप राख्ने तयारी गरेको हो।

बेलिब्रिज निर्माण नहुँदासम्मको अवस्थामा आवागमन सहज बनाउन ह्युमपाइप राखिने व्यास-१ का वडासदस्य चूडामणि दाहालले जानकारी दिनुभयो । "पुल भत्किएपछि सर्वसाधारणलाई वारपार गर्न नै समस्या भयो, ह्युमपाइप हालेर केही सहज बनाउन शुरु गरेका छौं", उहाँले भन्नुभयो, "प्रदेश सरकारको बजेटबाट बेलिब्रिज निर्माणको काम पनि छिट्टै शुरु हुन्छ।"

पुल भत्किएको एक सातादेखि यहाँका स्थानीयवासीलाई सास्ती भएको छ । दमौली बजारबाट दक्षिणी भेगसँगको सम्पर्क टुटेको छ । स्थानीयवासी यामबहादुर आलेले तत्काल पुल निर्माण नहुँदा स्थानीयवासी मारमा परेको जानकारी दिनुभयो । यही पुल हुँदै व्यास-१३ को बेलबास, पोखरीभञ्ज्याङ, व्यास-१४ को केशवटार, सुढे, ऋषिङको हुस्लाङ, गुम्लेक, देवघाट, आँबुखैरेनी, बन्दीपुरलगायतका ग्रामीण भेगका बासिन्दा आवतजावत गर्दथे ।

"पुल भत्किएसँगै सर्वसाधारणलाई आवतजावत गर्न समस्या त भएको छ नै कृषि उपज सामग्री, दूधलगायतका सामग्री बिक्री वितरण पनि प्रभावित भएको छ", आलेले भन्नुभयो । उहाँका अनुसार यही पुल हुँदै यस भेगका सर्वसाधारणले दूध, निउरो, तरकारीलगायतका कृषि उपज बिक्री गर्न जान्थे । "गरिबहरूले एक छाक टार्नका लागि तरकारी बिक्री गर्न पनि नपाउने भए, पुल भत्किएपछि ठूलो सङ्कट आइपरेको छ", आलेले भन्नुभयो, "छिटोभन्दा छिटो यहाँ पुल बन्नुपर्छ ।"

भादगाउँतर्फका सर्वसाधारण बेलबासमा खानेपानी लिन जाने गर्दथे । पुल भत्किएसँगै त्यो काम पनि रोकिएको छ । भत्किएको पुलबाट सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न थालेपछि बेलबासका स्थानीयवासी मिलेर बाँसको फड्के बनाएका छन् तर उक्त फड्केबाट वारपार गर्न जोखिम छ । बाढीपहिरोबाट पीडित सर्वसाधारणलाई खाद्यान्न ढुवानी गर्न समस्या भएको छ।

पुल भत्किएसँगै यहाँका कृषकलाई दूध दमौली बजारसम्म लगेर बिक्री गर्न समस्या भएको स्थानीयवासी राजन सापकोटाले बताउनुभयो । बेलबासका ६० भन्दा बढी कृषकले दैनिक दूध बिक्री गर्दछन् । यहाँबाट दैनिक रु डेढ लाखभन्दा बढीको दूध बिक्री हुन्छ । "पुल भत्किएसँगै पशुलाई खुवाउने दाना ढुवानीमा समस्या भएको छ", उहाँले भन्नुभयो, "छिटोभन्दा छिटो पुल बन्नुपर्छ ।" यसैबीचछाब्दीखोलामा बेलिब्रिज निर्माणका लागि उपभोक्ता समिति गठन गरिएको छ। उपभोक्ताहरूको भेलाले क्याप्टेन सहवीर उच्चैको अध्यक्षतामा समिति गठन गरेको हो । भेलाले स्थानीय अगुवा यामबहादुर आलेको अध्यक्षतामा अनुगमन समिति पनि गठन गरेको छ।

# बाढीबाट धान खेत नष्ट

**-कृष्ण न्यौपान**
**दमौली, २५ असार (रासस)**

अविरल वर्षासँगै आएको बाढीले तनहुँको शुक्लागण्डकी नगरपालिकामा एक हजार पाँच सय रोपनी भन्दा बढी धान खेत नष्ट गरेको छ। शुक्लागण्डकी -८ र १० सो क्षति भएको हो।

शुक्लागण्डकीका ठूला फाँटहरुमा बाढीले क्षति पुऱ्याएको कृषि शाखा प्रमुख नवराज पण्डितले बताउनुभयो । बाढीले धान खेतमा पुऱ्याएको क्षतिबारे वडा कार्यालयले अनुगमन र तथ्याङ्क सङ्कलन थालेका छन् ।

'क्षतिको विवरण सङ्कलन हुदैछ । यो भन्दा बढी पनि क्षति भएको हुन सक्छ,' उहाँले भन्नुभयो, 'क्षतिको विवरण सङ्कलन भएपछि किसानलाई राहतका लागि प्रदेश सरकारलाई सिफारिस गर्छौं ।'

गत वर्ष पनि जिल्लामा बाढीले धानखेतीमा ठूलो क्षति पुऱ्याएको थियो । कृषि ज्ञान केन्द्रका अनुसार गत वर्ष जिल्लाका करिब १३ हेक्टर क्षेत्रफलमा लगाइएको धान खेतीमा क्षति भएको थियो । यसपाली असारमै आएको बाढीले कति क्षति पुगेको यकिन विवरण प्राप्त नभएको ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय तहसँगको समन्वयमा क्षतिको विवरण सङ्कलन भइरहेको छ।

शुक्लागण्डकी -१० पिप्लेडिहीका कृष्णराज पौडेलले १५ मुरी भन्दा बढी चैते धान बाढीले नष्ट गरेको बताउनुभयो । '२५ मुरी आउने खेतमा धान पाकेको थियो । २५ मुरी फल्ने खेतमा भर्खर रोपेका थियौं,' उहाँले भन्नुभयो, 'थन्क्याउन नपाउँदै आएको बाढीले सबै सोत्तर बनायो ।' खेत भन्दा निकै माथिबाट खसेको बाढीपहिराले हरियो फाँटमा ग्रेगानको थुप्रो भरिएको उहाँले जानकारी दिनुभयो । शुक्लागण्डकी -८ मान्द्रेफाँटकी सूचना विकले अर्केको खेतमा अधियाँ रोपेको धान बाढीले नष्ट गरेको दुःखेसो पोख्नुभयो । 'मुरी उब्जाउने लक्ष्यले मानो रोपेको धान मुठ्ठी पनि भकारीमा राख्न नपाउँदा परिवारको पेट कसरी भर्ने चिन्ताले सताएको छ,' उहाँले भन्नुभयो, 'दुःख गरेर खेत रोपियो, गोडियो, अहिले आएर सबै नष्ट भयो ।' म्याग्दे गाउँपालिकाको फाँटहरुमा लगाइएको धान खेतीमा पनि ठूलो क्षति पुगेको छ । असारको दोस्रो साता आठ रोपनीमा रोपेको धान खोलाले डुबाएको म्याग्दे गाउँलिका-६ का दीर्घबहादुर भण्डारीले बताउनुभयो ।

उत्पादन हुने धान बेचेर गुजारा टार्दै आउनुभएका भण्डारीले यस वर्ष आफैंलाई पनि जीविकोपार्जन गर्न समस्या हुने गुनासो गर्नुभयो । खोलाको धार खेततर्फ सोभिएपछि भण्डारीलाई जमिन पुरानै अवस्थामा कसरी फर्काउने भन्ने चिन्ता पनि थपिएको छ।

म्याग्देका कृषक शिव भण्डारीले खेत डुबानमा परेर खेतमाथि खोला बगिरहेको बताउनुभयो । 'खेत डुबानमा परेर खेतमा खोला बगिरहेको छ, केही खेतमा भेल पसेर बालुवा र गेग्रान थुप्रिएको छ,' उहाँले भन्नुभयो । खोलाले कटान गरेको खेत बिराएर धान रोप्ने अवस्था यो वर्ष नरहेको उहाँको गुनासो छ।

# मध्यपहाडी लोकमार्गको पर्वत खण्डमा तीन ठाउँमा पहिरो, सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
**पर्वत, २५ असार**

पहिराले अवरुद्ध भएको मध्यपहाडी लोकमार्गको पर्वत-बागलुङ खण्ड विगत तीन दिनदेखि अवरुद्ध भएको छ । लोकमार्गअन्तर्गत पर्वतको कुश्मा नगरपालिका-८ सुन्दरेखोला, चुवाभिर र वडा नं २ को नयाँपुलमा गएको पहिराले सडक अवरुद्ध बनेको हो । चुवा र सुन्दरेखोलाको पहिरो हटाउन सहज भए पनि नयाँपुलको पहिरो हटाएर सडक सञ्चालन गर्न केही दिन लाग्ने पर्वतका ट्राफिक प्रहरी प्रमुख कृष्ण खड्काले जानकारी दिनुभयो । वर्षा भइरहेको उहाँले बताउनुभयो। सडकमा ठूला-ठूला ढुङ्गा खसेका कारण लामो समय लागेको हो।

सडक अवरुद्ध हुँदा पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङसँगको सम्पर्क टुटेको छ । यस क्षेत्रबाट अन्यत्र जाने सवारी साधन पर्वतको सहश्रधारा र कुश्मा बजारमा अलपत्र बनेका छन् भने अन्यत्रबाट आएका सवारी साधन पराधीमा अलपत्र बनेका छन् । उता म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-मालढुङ्गा सडक पनि अझै सञ्चालनमा आउन सकेको छैन । सडकखण्डअन्तर्गत पर्वतको जलजला गाउँपालिकाको अनियाघाट र ज्यामिरेलगायतका ठाउँमा पहिराले सडक अवरुद्ध बनाएको हो।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : मानसिक तनाव | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : व्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।

# सातामा कूल ५३ अन्तरराष्ट्रिय उडान

**रासस**
**काठमाडौं, २५ असार**

सरकारले मुलुकको अन्तरराष्ट्रिय नियमित उडान सञ्चालन गर्ने निर्णय गरेको छ । हालै भएको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अन्तरराष्ट्रिय उडान सङ्ख्या थप गरी नयाँ तालिका नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई पठाएको छ।

क्यानका प्रवक्ता राजकुमार क्षेत्रीका अनुसार अब सातामा कूल ५३ वटा उडान सञ्चालन गर्नेगरी विभिन्न मुलुकका गन्तव्यमा उडान तालिका तय गरिएको छ। सरकारले अन्तर्राष्ट्रिय उडानतर्फ उडान सङ्ख्या थप गर्दै यसअघि उडान खुला गरेका गन्तव्यमा भारतबाहेकका मुलुकमा हुने उडान सङ्ख्या थप गर्ने निर्णय गरेको जनाएको छ । नयाँ तालिकाअनुसार भारतको राजधानी नयाँ दिल्लीमा सातामा दुई उडान सम्बन्धित गर्नेछन् । नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले बुधबार र एयर इण्डियाले सोमबार गर्नेछन् ।

यस्तै नेपाल एयरलाइन्सले यूएईको दुबईमा मङ्गलबार र बिहीबार तथा नेपालबाट अन्तरराष्ट्रिय उडान भर्ने निजी क्षेत्रको हिमालय एयरलाइन्सले आइतबार, मङ्गलबार र बिहीबार उडान भर्नेछन् । फ्लाइ दुबइले आइतबार, बुधबार र शुक्रबार एक/एक उडान गर्नेछ।

क्यानको उडान तालिका अनुसार कतारको दोहामा नेपाल एयरलाइन्सर कतार एयरवेजले हरेक दिन उडान गर्नेछन् भने हिमालय एयरलाइन्सलाई साताको सोमबार, बुधबार र शनिबार उडान अनुमति दिइएको छ। उक्त एयरलाइन्सले साउदी अरेबियाको दमाममा साताको चार दिन आइतबार, सोमबार, बुधबार र शुक्रबार उडान गर्नेछ । नेपाल एयरलाइन्सले मलेसियाको क्वालालाम्पुरमा बुधबार र शनिबार सातामा दुई उडान पाएको छ। त्यस्तै हिमालय एयरलाइन्सले बिहीबार, शुक्रबार र शनिबार क्वालालाम्पुर उडानको अनुमति पाएको छ। टर्किस एयरलाइन्सले टर्कीको इस्तानबुलमा सोमबार, बिहीबार र शनिबार उडान गर्नेछ । जजिरा एयरवेजले कुवेतमा साताको पाँच दिन सोमबार, मङ्गलबार, बुधबार, बिहीबार र शनिबार उडान गर्नेछ। सलाम एयरले ओमानको मस्कटमा सातामा तीन दिन सोमबार, बुधबार र शनिबार उडान गर्ने तालिका छ। एयर अरेबियाले आबुधाबीमा आइतबार र मङ्गलबारको उडान तालिका पाएको छ । सिङ्गापुर एयरले हरेक आइतबार काठमाडौं उडान गर्नेछ।

कोभिड-१९ महामारी नियन्त्रणका लागि सरकारले गत वैशाख २० गतेदेखि आन्तरिक तथा वैशाख २३ देखि अन्तरराष्ट्रिय उडान स्थगन गरेको थियो। आन्तरिक उडान पूर्ण रूपमा सञ्चालन गर्ने निर्णय भएको छ । अन्तरराष्ट्रियतर्फ सम्बन्धित मुलुकले उडान सहजीकरण गरेको खण्डमा आवश्यकताको आधारमा उडान तालिका थपघट गर्न सकिने प्राधिकरणले जनाएको छ । यसका लागि पर्यटन मन्त्रालयले सहजीकरण गर्नेछ । कोभिडका सङ्क्रमित बढेसँगै सरकारले गत वैशाख १६ देखि काठमाडौं उपत्यकासहित देशका विभिन्न जिल्लामा निषेधाज्ञा जारी गरेको थियो।

# टिमुरको व्यवसायिक खेतीमा आकर्षण

**– हरि बाँस्तोला**
**गण्डकी, २५ असार (रासस)**

पोखरा महानगरपालिका-१६ अर्मलाको डिहीमा औषधीय गुणी टिमुरले फल दिन थालेको छ । चार वर्षअघि परीक्षणका लागि रोपिएका बिरुवाले यसै वर्षदेखि फल दिन थालेपछि यहाँका कृषक टिमुरको व्यवसायिक खेतीतर्फ आकर्षित बनेका हुन् ।



परम्परागत मकै र कोदो खेती गर्दा उत्पादनभन्दा लागत बढी हुने र प्राकृतिक प्रकोपका साथै जङ्गली जनावरले समेत नोक्सान गर्ने हुँदा लामो समयदेखि बाँझै रहेको सो क्षेत्रको जमीनमा यतिखेर टिमुरसहित विभिन्न जातका नगदेबालीले व्यवसायिकता पाउन थालेको हो ।

घरको छेउको बारीमा चार वर्षअघि लगाइएका टिमुरका पाँचवटा बिरुवाले गत वर्षदेखि उत्पादन दिन शुरु गरेको लालशोभा गुरुङले बताउनुभयो । उहाँका अनुसार पहिलो वर्ष फाट्टफुट्ट फल फले पनि यस वर्ष भने लटरम्म फलेका छन् । कृषि वन कार्यक्रम पकेट क्षेत्र अर्मला डिही कृषक समूहका अध्यक्षसमेत रहनुभएकी उहाँका अनुसार डिभिजन वन कार्यालय कास्कीले निःशुल्क उपलब्ध गराएको बिरुवाले राम्रो फल दिन थालेपछि टिमुर खेतीप्रति यतिखेर यस क्षेत्रका बासिन्दाको आकर्षण बढेको हो ।"स्वास्थ्यबर्द्धक एवं औषधीय गुण भएको टिमुर खेतीतर्फ युवा वर्गको आकर्षण बढेको देख्दा असाध्यै खुशी लागेको छ", उहाँले भन्नुभयो, "युवाको उत्साहलाई जीवित राख्न सबै क्षेत्रको सहयोग अपरिहार्य छ ।" कुरदेखि डिही, लप्सीबोट (रघु) हुँदै पाल्लेसम्म ३२ घरपरिवारको ५०० रोपनी निजी जग्गामा प्रत्येक वर्ष टिमुरसहित विभिन्न प्रजातिका बिरुवा क्रमिक रोप्दै आएको उल्लेख गर्दै उहाँले साविकको अर्मलाको पूरै क्षेत्रलाई कृषि वनमा परिणत गर्ने लक्ष्य समूहले लिएको बताउनुभयो ।

नेपाल सरकारको राष्ट्रिय वृक्षरोपण १० वर्षे रणनीतिअनुसार २०७३ सालदेखि डिभिजन वन कार्यालयको आर्थिक सहयोगमा शुरु गरिएको सो अभियानअन्तर्गत हालसम्म १२ हजा भन्दा बढी टिमुरका बिरुवा रोपिएको बताउँदै उहाँले यस वर्ष मात्र एक हजार ३०० बिरुवा रोप्ने अभियानको थालनी भएको जानकारी दिनुभयो ।

लामो समयदेखि बाँझै रहेका कारण झाडी र जङ्गलमा परिणत भएको सात रोपनी जग्गामा यस वर्ष १५० वटा टिमुरका बिरुवा रोपेको स्थानीय युवा किरण गुरुङले राससलाई जानकारी दिनुभयो । मसलाका लागि प्रयोग हुने टिमुरको माग बजारमा उच्च रहेकोले व्यावसायिकरूपले खेती शुरु गरिएको उहाँको भनाइ छ । उहाँले थोरै लगानी र कम मिहिनेतले राम्रो आम्दानी हुने देखेर उक्त खेतीतर्फ आकर्षण बढेको बताउनुभयो । स्थानीय प्रजातिका कटुस, चिलाउने, उत्तिसलगायतका बोटसहित झाडी रहेको उक्त जग्गामा अलैँची, कफीलगायतका अन्य बालीसमेत लगाउने तयारी भइरहेको उहाँको भनाइ छ ।

अर्का युवा शङ्कर गुरुङले सात रोपनी जग्गामा टिमुरका १५० सहित ५०० भन्दा बढी अलैँची, कफी, किवी, एभोकार्डोलगायतका बिरुवा रोप्नुभएको छ । सोही जग्गामा अन्य आयआर्जन गर्न सकिने नवीनतम बिरुवा लगाउने सोचमा रहेको उहाँ बताउनुहुन्छ ।

गाउँमा आफ्नो जग्गामा खेती गर्नभन्दा अर्मलाको फाँटमा अरुको खेत अधियाँ रोप्दा फाइदा हुने हुँदा विगत लामो समयदेखि बाँझिएको साढे चार रोपनी निजी जग्गामा यसै वर्ष टिमुरका ३०० बिरुवा रोपेको लप्सीबोट (रघु) का बलबहादुर विक र भक्तबहादुर विकले बताउनुभयो ।

डिभिजन वन कार्यालय कास्कीका वन अधिकृत केदार बरालका अनुसार राष्ट्रिय वृक्षरोपण दशक अभियानअन्तर्गत अर्मला क्षेत्रलाई कृषि वनमा परिणत गर्ने लक्ष्यका साथ प्रत्येक वर्ष विभिन्न आयमूलक जातका बिरुवा थप्दै गएको जानकारी दिनुभयो । सो क्षेत्रमा म्याग्दी जिल्लाबाट खरिद गरिएका टिमुरका बिरुवा वितरण गरिएको हो । बिरुवा खरिद र ढुवानीसहित खाल्टा खन्नेसमेत कार्यालयबाट व्यवस्था गरिएको छ ।

शुरुमा रोपिएका बिरुवाले फल दिन थालेको र आगामी केही वर्षभित्र स्थानीय कृषकले कृषि वनको माध्यमबाट राम्रो आम्दानी लिने उहाँको विश्वास छ । टिमुरको बजार मूल्य हाल प्रतिकिलो रु तीन हजार ५०० सम्म रहेको छ ।

समुद्री सतहबाट एक हजार १०० देखि एक हजार ८०० मिटरको उचाइमा रहेको साविक अर्मलाको सो क्षेत्रमा हालसम्म ३५ हजार अलैँची, १२ हजार टिमुर, १० हजार कफी, दुई हजार ५०० एभोकार्डो, १०० किवी, दुई हजार अम्बा, एक हजार आँप, ५०० लप्सी, २०० कुरिलो र ठूलो परिमाणमा राईखनियो, इपिलइपिल, पाउलोनियालगायतका डालेघाँसका बिरुवा रोपिएको कृषि वन समूहका सचिव जितबहादुर बस्नेतले जानकारी दिनुभयो ।

उहाँका अनुसार वन कार्यालयले आवश्यक बिरुवा निःशुल्क उपलब्ध गराउनुका साथै खाल्टा खन्नका लागि समूहलाई हालसम्म रु तीन लाख १५ हजार उपलब्ध गराइसकेको छ । वृक्षरोपणदेखि बिरुवाको संरक्षण तथा उत्पादित वस्तुको उपयोगका बारेमा सम्बन्धित निकायले कृषकलाई समयमै तालीमको व्यवस्था गर्नुपर्नेमा उहाँको जोड रहेको छ ।

दुईदेखि छ मिटरसम्म अग्लो बोट हुने झाडी एवं सदाबहार प्रजातिको टिमुरको फल प्रशोधन गरेर तेल निकालिन्छ । टिमुरको तेल विशेषगरी दाँत दुख्दा निको पार्न र आयुर्वेदिक टुथपेष्ट बनाउने काममा प्रयोग गरिन्छ । साथै यसको प्रयोग अत्तर, साबुन र स्याम्पुजस्ता वासनादार सामग्री उत्पादनमा पनि गरिन्छ । युरोपेली बजारमा प्रत्येक वर्ष यसको माग उच्च रहँदै आएको छ ।



बल्छीबाट माछा मार्दै : पोखरा महानगरपालिका-६ स्थित पर्यटकीय क्षेत्र फेवाताल किनारमा माछा मार्दै । तस्वीर : चन्द्रकला क्षेत्री, रासस

# दलित समुदायमा लैङ्गिक हिंसाका घटना बढी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ असार**

बागलुङमा लैङ्गिक हिंसाका घटनामा पुरुषसमेत पीडित हुने गरेका छन् । पछिल्लो समय बागलुङमा लैङ्गिक हिंसाका घटना बढ्दै गएकामा क्रमशः पुरुष समेत हिंसामा परेको तथ्याङ्क सार्वजनिक भएको छ ।

बागलुङमा लैङ्गिक हिंसामा परेर प्रहरी चौकी, अस्पताल पुग्ने र पुनःस्थापना हुनेको तथ्याङ्क हेर्ने हो भने लैङ्गिक हिंसा पीडितमध्ये केही पुरुषसमेत रहेका छन् । लैङ्गिक हिंसामा पर्ने जातजाति समुदायमध्ये धेरै दलित समुदायबाट लैङ्गिक हिंसाका घटना भएको पाइएको छ । शैक्षिकस्तर कम हुनु, चेतनाको कमीलगायतका कारण दलित समुदायका महिला तथा पुरुषमा लैङ्गिक हिंसाका घटना बढी मात्रामा भएको देखिएको छ ।

लैङ्गिक हिंसा पीडितको परामर्श, उपचार तथा पुनःस्थापना गर्दै आएको धौलागिरि अस्पताल बागलुङमा स्थापित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले वर्षेनी लैङ्गिक हिंसाका घटना बढ्दै गएको र यसमा पनि दलित समुदायका बढी पीडित हुने गरेको तथ्याङ्क सार्वजनिक गरेको छ । केन्द्रले सार्वजनिक गरेको तथ्याङ्कमा आर्थिक वर्ष २०७५/७६ सम्म लगातार बढ्दै आएको लैङ्गिक हिंसा पीडितका घटनामा २०७७/७८ मा केही घटेको पाइएको थियो ।

कोरोना भाइरसका कारण लैङ्गिक हिंसाका घटना अस्पताल र प्रहरीसम्म आउन नसकेको लैङ्गिक हिंसा पीडितको परामर्श, उपचार तथा पुनःस्थापना गर्दै आएको धौलागिरि अस्पताल बागलुङमा स्थापित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका प्रमुख परामर्शदाता देवी भट्टराईले जानकारी दिनुभयो । "तथ्याङ्कका आधारमा आव २०७५/७६ सालमा ११६ महिला तथा २० पुरुष गरी १३६ जनामा लैङ्गिक हिंसा भएको थियो, त्यसपछि २०७६/७७ मा घटेर ८७ पुगेको थियो", भट्टराईले भन्नुभयो, "आव २०७७/७८ को असार २१ गतेसम्म ८६ लैङ्गिक हिंसाका घटना भएका छन्, कोरोनाका कारण केही लैङ्गिक हिंसाका घटना घरमै सीमित रहेको अनुमान छ ।" पछिल्लो समय लैङ्गिक हिंसाका घटना महिला पुरुषले सहेर बस्ने अवस्था नरहेका कारण दिनानुदिन यी घटना बाहिर आइरहेको भए पनि कोरोनाका कारण तथ्याङ्क कमा भने केही कमी आएको उहाँको भनाइ छ । हिंसा पीडितको तथ्याङ्कअनुसार अधिकांश १४ देखि ५९ वर्ष उमेर समूहका महिला र पुरुष हिंसामा पर्दै आएका छन् । लैङ्गिक हिंसामा परेकालाई उद्धार, परामर्श, औषधोपचारदेखि पुनःस्थापनासम्मकोकामगर्दैआएको केन्द्रले निःशुल्क खान र बस्न र यातयातको सुविधासमेत प्रदान गर्दै आएको छ । विसं २०७७/७८ मा बलात्कार १०, यौन हिंसा १९, मानसिक दबाव ३१, घरेलु हिंसा २३, हातपातका जम्मा तीन वटा घटना भएका थिए । यसमा पुरुष भने मानसिक दबाव, घरेलु हिंसा तथा हातपातमा पीडित भएका छन् । चालु आवमा पीडित भएका ८६ घटनामध्ये ७७ बागलुङका, चार पर्वतका र पाँच म्याग्दी जिल्लाका छन् । जातजातिअन्तर्गत सबैभन्दा बढी दलित ४४ जना, जनजाति २२ जना, ब्राह्मण क्षेत्रि २० जना पीडित भएको तथ्याङ्कमा उल्लेख छ ।

# पहिरामा पुरिएको ११ घण्टापछि शव फेला

**पोखरापत्र संवाददाता**
**दमौली, २५ असार**

तनहुँको ऋषिङ गाउँपालिकामा पहिरामा पुरिएर बेपत्ता भएको ११ घण्टापछि शव फेला परेको छ । बिहीबार बिहान ५ बजे पहिराले पुरिएर बेपत्ता भएका एक पुरुषको शव ११ घण्टापछि फेला परेको हो ।

ऋषिङ-८ माझकोटका ४० वर्षीय खुमबहादुर थापाको शव ११ घण्टापछि फेला परेको नेपाल रेडक्रस सोसाइटी कोटदरबार उपशाखा सभापति इन्द्रबहादुर आलेले जानकारी दिनुभयो । ठूलो पहिरा भएकाले धेरैबेर खोजी गर्दा पनि भेटिएको थिएन । प्रहरी र स्थानीयवासीले बिहानैदेखि खोजी गरे पनि साँझ मात्र शव फेला परेको हो । बिहान साढे ५ बजे घरबाट गोठमा गएका उहाँलाई माथिबाट पहिरा खस्दा पुरेको थियो ।

पहिराले पुरिएर बिहीबार नै ऋषिङ-७ दधिवन निवासी ५२ वर्षीया देवीसरा थापाको मृत्यु भएको छ । उहाँको शव पनि दिउँसो मात्रै फेला परेको थियो । घरबाट भाग्ने क्रममा माथिबाट खसेको पहिराले पुरिएर उहाँको मृत्यु भएको थियो ।

मृतकका श्रीमान् भने भागेर ज्यान बचाउन सफल हुनुभएको छ । घरबाट भाग्न खोज्दा चप्पल हिलोमा गडेको र चप्पल टिप्न खोज्दा पहिराले पुरिएको स्थानीयवासीले बताएका छन् । यस्तै खोलाले बगाएर बेपत्ता हुनुभएका म्याग्दे गाउँपालिका-४ का मैतबहादुर नेपाली भने फेला पर्न नसकेको प्रहरीले जनाएको छ ।

# आन्तरिक हवाई उडान पूर्णरूपमा सञ्चालन हुने

**रासस**
**काठमाडौँ, २५ असार**

मुलुकको आन्तरिक हवाई उडान पूर्णरूपमा सञ्चालन हुने भएको छ ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले आवश्यक स्वास्थ्य मापदण्ड पालना गर्दै आन्तरिक उडान पूर्णरूपमा सञ्चालन गर्ने अनुमति दिएको हो । क्यानको अनुमति अनुरूप त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलले सम्बन्धित एयरलाइन्सलाई परिपत्र गरी स्वास्थ्य सावधानीका साथ उडान सञ्चालनको तालिका निर्धारण गर्ने क्यानका प्रवक्ता राजकुमार क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार विमानस्थल कार्यालय र एयरलाइन्सबीच आजै बैठक बसेर उडान पूर्ण सञ्चालनको तालिका बनाइनेछ । वायु सेवा सञ्चालकको छाता सङ्गठन नेपाल वायु सेवा सञ्चालक सङ्घले यात्रु उद्धार सहज र सस्तोका लागि उडान सङ्ख्या थप्न सरकार समक्ष माग गर्दै आएको थियो । यसअघि कोभिड-१९ महामारीको जोखिम कायम रहेकाले कोभिड अघिको जम्मा उडान सङ्ख्याको ५० प्रतिशत मात्र उडान सञ्चालन गर्न अनुमति दिइएको थियो । यही असार १७ देखि नियमित आन्तरिक उडान शुरु भएको थियो । मुलुकमा निषेधाज्ञा लागू भए पनि गत वैशाख २० देखि आन्तरिक उडान स्थगन गरिएको थियो । आन्तरिक उडानतर्फ १० हेलिकप्टर कम्पनीसहित २० वायुसेवा प्रदायक कम्पनीले उडान भर्दै आएका छन् ।

# आइपुग्यो आठ लाख मात्रा 'भेरोसेल' खोप

**रासस**
**काठमाडौँ, २५ असार**

कोरोना भाइरसविरुद्धको खोप 'भेरोसेल' नेपाल आइपुगेको छ ।

चीनबाट खरीद गरिएको खोप नेपाल वायुसेवा निगमको वाइडबडी ए ३३० जहाजमार्फत आज बिहान ६ बजे नेपाल आइपुगेको हो । बिहीबार साँझ उक्त जहाज खोप लिनका लागि चीनतर्फ गएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रमुख विशेषज्ञ डा रोशन पोखरेलले सरकारले खरिद गरेको खोप आज बिहान आइपुगेको जानकारी दिनुभयो । उहाँले पहिलो चरणमा आज आठ लाख मात्रा अर्थात् १३ हजार किलो खोप आइपुगेको जानकारी दिनुभयो । सरकार र खोप कम्पनीबीच नन डिस्क्लोजर सम्झौताअनुसार कति परिमाणमा खोप नेपाल ल्याउने भन्ने कुरा खुलाइएको छैन ।

अब आगामी साउन ८ गतेसम्म तीन उडानमार्फत नियमितरुपमा खोप आउन थालेको हो । यस्तै असार ३१ गते पुनः बाइडबडी जहाज खोप लिन गएर साउन १ गते र साउन ७ गते पुनः जहाज नेपालबाट गएर साउन ८ गते खोप ल्याउने छ । उहाँले अहिले टेकुस्थित चिस्यान केन्द्रमा खोप भण्डारण गरिरहेको जानकारी दिनुभयो । मन्त्रालयले खोप लगाउने कार्यलाई विशेष प्राथमिकतामा राखेपछि यो खोप देशभरि नै पठाउने तयारी गरेको छ ।

खोप ६० वर्षमुनि उमेर समूहका मानिसलाई प्राथमिकताका आधारमा लगाउने मन्त्रालयको तयारी छ । कूल जनसङ्ख्याको दुई करोड २० लाखलाई खोप लगाउने सरकारको लक्ष्य छ । नेपालमा अहिलेसम्म २६ लाख ११ हजार ८०७ लाई पहिलो मात्रा र नौ लाख ३३ हजार ८६८ लाई दोस्रो मात्राको खोप लगाइसकिएको छ ।

# बाढीले ७२ घर विस्थापित

**पोखरापत्र संवाददाता**
**दमौली, २५ असार**

बाढीपहिराले तनहुँको बन्दीपुर गाउँपालिकाका ७२ घरधुरी विस्थापित भएका छन् । एउटै वडामा ४८ सहित ७२ घर बाढीपहिराबाट विस्थापित भएका हुन् ।

बन्दीपुर-२ खहरे, धारापानी, वडा नं ३ रामकोट र वडा नं ५ कल्चोकमा बाढीपहिराले ७२ घर विस्थापित भएका हुन् ।

बाढीले खहरेमा १३ घर पूर्ण क्षति र नौ घर आंशिक क्षति भएको तथा २६ घर उच्च जोखिममा रहेको गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार धारापानीमा १२ घर उच्च जोखिम, रामकोटमा सात घर र कल्चोकमा पाँच घर उच्च जोखिममा परेका छन् । विस्थापित भएकाहरू कृषि केन्द्र र खहरे आमा समूहको भवनमा आश्रय लिन बाध्य छन् । "घरभित्र पानी पसेर कतिपय सामग्रीमा पनि क्षति पुग्यो, बचेका सामग्रीसहित कृषि केन्द्र र खहरे आमा समूहको भवनमा स्थानान्तरण गरेका छौँ", गुरुङले भन्नुभयो ।

# सबैको लघुवित्त वित्तीय संस्थाको स्थापना दिवसमा रक्तदान

**पोखरापत्र संवाददाता**
**दमौली, २५ असार**

सबैको लघुवित्त वित्तीय संस्थाको पाँचौं स्थापना दिवस अवसरमा शुक्रबार रक्तदान कार्यक्रम भएको छ । संस्थाको बन्दीपुरस्थित केन्द्रीय कार्यालय परिसरमा भएको कार्यक्रममा ३० युनिट रगत संकलन भएको स्थापना दिवस मूल समिति संयोजक किरण कुँवरले बताए ।



कार्यक्रममा रक्तदातालाई संस्थाका प्रमुख कार्यकारी अधिकृत केशवकुमार पौडेलले प्रमाणपत्र वितरण गरेका थिए ।

संस्थाले स्थापना दिवस अवसरमा वेसीसहरस्थित मानव सेवा आश्रमलाई खाद्यान्न वितरण गर्ने जनाएको छ । साथै विभिन्न शाखाबाट पनि रचनात्मक क्रियाकलाप भएको प्रमुख कार्यकारी अधिकृत पौडेलले बताए । २०७४ आषाढ २५ गते नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तर कार्यक्षेत्रमा वित्तीय कारोवार सञ्चालन गर्न 'घ' वर्गको इजाजतपत्र प्राप्त गरेको संस्थाले सोही वर्षको असर ३० देखि विधिवत रुपमा संचालनमा आएको हो । यो राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो । हालसम्म ७ प्रदेशका ४२ जिल्लामा ७७ शाखा कार्यालय, ४ अनुगमन मुकाम, सम्पर्क कार्यालय र केन्द्रीय कार्यालय गरी ८३ वटा कार्यालयको सञ्जालबाट ३०५ जना कर्मचारीले ५३ हजार ७ सय ६९ घरधुरीमा सेवा विस्तार गरेका छन् ।

त्यस्तै लगानीमा रहिरहेको कर्जा ३ अर्ब ४५ करोड रहेको र बचत ९१ करोड १३ लाख रहेको जनाइएको छ ।

# टिपरले पैदलयात्रीलाई ठक्कर दिँदा मृत्यु

**पोखरापत्र संवाददाता**
**कास्की, २५ असार**

पोखरामा सवारी दुर्घटनामा परी एकको निधन भएको छ । पोखरा महानगरपालिका-५ गणतन्त्र चोकमा ग १ ख ९७०३ नम्बरको टिपरले पैदलयात्री स्याङ्जा बिरुवा गाउँपालिका-४ घर भई हाल पोखरा-१७ बिरौटा बस्ने ४० वर्षीया रीता केसीलाई बिहीबार ठक्कर दिएको थियो । टिपरको ठक्करपछि गम्भीर घाइते केसीलाई उपचारका लागि अस्पताल लगिएकामा उपचारका क्रममा आज मृत्यु भएको हो गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ ।